नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राजस्व अनुसन्धान विभाग

## राजस्व अनुसन्धान कार्यालय कोहलपुर , बाँके ।

**मालसामान लिलाम सम्बन्धी सूचना ।**

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २८ बमोजिम यस कार्यालयबाट सिलबन्दी बोलपत्रद्वारा विभिन्न मालवस्तु लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

प्रकाशित मिति २०८०/०६/११

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका देहाय बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन् ,सोही अवस्थामा सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरीने भएकाले इच्छुक फर्म, कम्पनी तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी वोलपत्र आव्हान गरिएको छ । आफुले कवोल गरेको रकमको १०% ले हुने धरौटी बापतको रकम राष्ट्रिय वाणिज्य बैंक नेपालगन्ज बाँकेमा रहेको को.ले.नि.का. बाँकेको धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा कार्यालय कोड नं. ३०१०५५७०१ उल्लेख गरी जम्मा गरी सोको एक प्रति सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना राजस्व अनुसन्धान विभागको वेव साइट **www.dri.gov.np** र यस कार्यालयको वेव साइट www.riokohalpur.dri.gov.np मा समेत हेर्न सकिने छ।

| क्र.सं. | सू.द.नं. | मालवस्तुको विवरण | मूल्याङ्कन समितिले कायम गरेको मूल्य रु .(मू.अ.कर बाहेक ) |
|---|---|---|---|
| १ | ६२/०७७-०७८ | इन्डियन सुटिङ्ग कपडा, मिटर, ८२२०, पाइन्ट सर्ट पिस, पिस, १७३२, लेडिज सुट, पिस, २९५४, प्रिन्ट कपडा, मिटर, २४५८.७, इम्ब्रोडरी कपडा, मिटर, ४२१.७५, अन्य रेसा कपडा, पिस, २३२, पुजा कपडा, मिटर, १८२, मखमल/भेलभेट कपडा, मिटर, ११०, च्यादर, पिस, ५४२, | ३०,१६,१६०.०५ |
| २. | १८/०७८-०७९ | कुर्ति/टप्स ३८८० पिस, कुर्ति प्लाजो सेट १२४४ पिस,प्रिन्ट कपडा ३१३१ मिटर,रुबिया/लिजिविजि कपडा८४० मिटर, लेडिज सुट ३७११ पिस,लेडिज स्वीटर ६८० पिस,उल्लन कुर्ति लेगिज सेट १८० पिस, | ३०,६४,३६७.८४ |
| ३. | १९/०७८-०७९ | कुर्ता सुरुवाल, पिस, ३०, सेन्डो, पिस, ६, हाफ कट्टु, पिस, २०, पेन्टी, पिस, ४९, बच्चाको हाफ कट्टु, पिस, २६, सर्ट, पिस, ५, , भेस्ट, पिस, २, बच्चाको हाफ भेस्ट कट्टु सेट, पिस, २२, कुर्ति, पिस, ३५, लेडिज टप्स, पिस, २०, अलादिन सुरुवाल, पिस, ५५, लेडिज स्लाक्स, पिस, २०, लेडिज प्लाजो , पिस, ४, ब्रा, पिस, ४५, म्याक्सी, पिस, ४, चुन्नी , पिस, १७, बच्चाको भेस्ट पाइन्ट , पिस, २, सुति कडाइ धोति, पिस, २, लेहेङ्गा, पिस, १, बच्चाको फ्रक, पिस, ३, बच्चाको लेहेङ्गा, पिस, १, बच्चाको नेपाली टप्स, पिस, ५, डोरमेट, पिस, १५०, झुल, पिस, २०, लेगिज, पिस, १६, अन्य रेशा सारी, पिस, १२, टिसर्ट, पिस, २४, लेडिज पाइन्ट, पिस, ३, ट्राउजर, पिस, ८, वेवी सेट, पिस, २५, बच्चाको चोलो लेहेङ्गा, पिस, ४, इन्टरलक धागो, पिस, ६, कुर्ति कडाई, पिस, ४, | ५३,१५७.८० |
| ४ | ३६/०७८-०७९ | कुर्ता सुरुवाल ४६ पिस, कोट कपडा ५१ मिटर | १९,२३४.८० |
| ५ | ६३/०७८-०७९ | लेडिज सुट ५६ पिस | १६,६४०.९२ |
| ६ | ८५/०७८-०७९ | कोट कपडा १०२ मिटर लेडिज सुट १५ पिस | २५,२०५.४७ |
| ७ | १३४-०७८/०७९ | लेडिज सुट १२० पिस कोट पाईन्ट कपडा ४०८ मिटर | १,८६,११७.५२ |
| ८ | ३३-०७९/०८० | चेष्ट २० पिस,सोल्डर प्याड २० पिस,कोट चेरी १० पिस,कोट बक्रम १० पिस, पाईन्ट हुप ५ पिस, उलन कुर्ता सुरुवाल २५ पिस,कुर्ता सुरुवाल १३३ पिस ,सारी अन्य रेसा २१ पिस | ८३,३८३.९७ |
| ९ | ८१-०७७/७८ | सुटिङ कपडा (ग्यालियर ) ५७६ मिटर , सुटिङ कपडा ९७.५ मिटर , पपलिन कपडा ४८० मिटर, अविर १०० के.जी , प्यालिस्टक थैली १७५ के.जी, कुता सुरुवाल ६५० पिस, दुपट्टा ६४० पिस, प्यानसिल भिक्टोरी ३६०० पिस , सलाई ५० काट्टीको वट्टा ८४०० , ईस्टेनलर्स विलेड ५० पिसको ६००प्याकेट ,सोनीक फायर बल पेन ४०० पीस,वर्मा ३०० पिस,वसुला ४६ के.जी. | १२,४२,११०.६९ |

**सिलबन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु:**

१. वोलपत्रसम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित न्यूनतम मूल्य रु.१लाखसम्मको लागि रु.३००/- र रु. १ लाख भन्दामाथी १० लाखसम्मको लागि रु.१०००/- तथा १० लाख भन्दा माथिको रु.२०००/-फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक

प्रमुख अनुसन्धान अधिकृत

...न शाखामा वुझाएका रासद सलग्न गरा यस कायालयबाट या सूचना प्रकाशित भएका मितल ... दिनभित्र खरिद गन सकिन छ । अन्त शुल्क लाग्ने पदार्थको हकमा दर्ता प्रमाणपत्रको छायाँ प्रति पेश गर्नु पर्ने छ।

२. आफूले कवोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेमा सो स्थानमा वोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखी पेश भएको वोलपत्र मान्य हुने छैन ।

३. प्रत्येक सू.द.नं. को छुट्टाछुट्टै वोलपत्र खरिद गरी उक्त वोलपत्र खामभित्र राखी खाममा सिलछाँप समेत लगाई पेश गर्नु पर्नेछ ।

४. वोलपत्र फाराम भएको खाम वाहिर वोलपत्र सू.द.नं. र वोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

५. खरिद गरिएका वोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औ दिनको अपरान्ह १२:०० वजेसम्म यस कार्यालयमा (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेका दिन) मा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका वोलपत्रहरु सोहि दिन दिउँसो १५:०० वजे वोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा वोलपत्र खोलिनेछ । निर्धारित समयमा वोलपत्रदाता अनुपस्थित भएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा वोलपत्र खोलिनेछ ।

६. वोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र अफूले कवोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने मु.अ.कर तथा अन्त:शुल्क रकम समेत वुझाई उठाइ लैजानु पर्नेछ । वोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

७. कवोल गरेको सवैभन्दा वढी अंक स्वीकृत भएपछि कवोल गर्नेले ७ दिन भित्र आफूले कवोल गरेको रकम र सोमा लाग्ने कर समेत वुझाई मालवस्तु उठाइ नलगेमा न्यूनतम मूल्यभन्दा वढी कवोल गर्ने क्रमश: दोश्रो,तेश्रो र चौथो घटिवालाको कवोल अंक स्वीकृत गरीनेछ र वोलपत्र कवोल गरी म्याद भित्र सामान नउठाउने वोलपत्रदाताको धरौटी रकम जफत गरी पुन: लिलामको कारवाही अगाडी वढाईनेछ ।

८. वोलपत्रसम्वन्धी कागजातहरु खरिद गर्नेहरुले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको गोदाम शाखामा सम्पर्क गरी हेर्न तथा वुझ्न सकिनेछ ।

९. यस सम्वन्धी अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

प्रमुख अनुसन्धान अधिकृत

२